मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या : २०७७/०७८

चलानी नं. :-

मिति: २०७८/०२/०२

## अत्यन्त जरुरी सूचना।

कोरोना भाईरस कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने क्रममा यस अघि गरिएका सूचनाहरुलाई यथावत रुपमा पालना गर्दै मिति २०७८/०२/०३ गतेदेखी मिति २०७८/०२/१० गते सम्मका लागि देहाय अनुसार थप कार्य गर्न गराउनहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

१. मिति २०७८/०२/३ देखि मिति २०७८/२/१० गते सम्म वडा नं. ६ को सिपाघाट क्षेत्र वडा नं. ७,९,१०,११ को जिरो किलो मेलम्ची सडकको दायाँबायाँ ५०० मिटरको क्षेत्र, कुन्ता चोक, कुन्ता देखी वडा नं. ८ को ढाईटार सम्मको क्षेत्र पूर्ण रुपमा बन्द गरीएको छ। दैनिक अत्यावश्यक उपभोग्य वस्तुको विक्री समेत विहान ६ बजे देखी ९ बजे सम्म मात्र संचालन गर्न र ९ बजे पछि पूर्ण रुपमा बन्द गर्न सुचित गरिन्छ ।

२. नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण होटल, रेष्टुरेन्ट, चिया पसल, चमेना गृह लगायतका ब्यवसाय पूर्ण रुपमा बन्द गरिएको छ ।

३. मानव ओसार पसार र आवत जावत गर्ने सबै किसिमका सवारी साधनहरु संचालन गर्न गराउन पूर्ण रुपमा बन्द गरिएको छ ।

४. मानिसहरुको आवत जावत,जमघट, भेला लगायतका सबै खाले कार्यहरु पूर्ण रुपमा बन्द गरिएको छ।

५. निर्माण सामग्री बोकेका सवारी साधनहरु राती ९ बजे देखि विहान ५ बजे सम्म मात्र संचालन गर्नुपर्ने छ ।

६. अन्य विषयहरुको हकमा यस अघि यस नगरपालिकाबाट प्रकाशित सूचना अनुसार नै हुने ब्यहोरा जानकारी गराईन्छ ।

यस सूचनालाई बेवास्था गरि सूचना बिपरितका कार्य गरेमा संक्रामक रोग ऐन २०२० बमोजिम कारवाही हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

"ज्यान रहे संसार देख्न पाइन्छ" भन्ने उखानलाई मनन गरी स्वस्थ्य रहन प्रयत्न गरौं, कोरोना भाइरसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।

२०७८/२/२

(प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

E-mail: mandandeupurmu@gmail.com,

प्रमुख प्रशासकीय अधिकृत